सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

<u>आदेश</u>

०७९-WO-०५४०

बिषय: <u>परमादेशसमेत</u>।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार शिवुगल गल्ली सुवर्ण शम्शेर मार्ग अवस्थित गैर आवासीय नेपाली संघको तर्फबाट अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत ऐ.का महासचिव जानकी गुरुङ्ग...........१ — निवेदक

विरुद्ध

नेपाल सरकार, परराष्ट मन्त्रालय सिंहदरबार काठमाडौं...............................१

ऐ.का सचिव ऐ.ऐ...................................................................१ — विपक्षी

नेपालको संविधानको धारा ४६, र १३३(२)(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदन सहितको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. सन् २००३ को अक्टोबरमा पहिलो पटक संघको बार्षिक साधारणसभा तथा अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गरीएको थियो र त्यस पछिका बार्षिक साधारण सभा तथा महाधिवेशनहरु अक्टोवर महिनामा नै गरिँदै आएको थियो । सोहि अभ्यास अनुसार प्रारम्भिक रुपमा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन तथा वार्षिक साधारणसभा सन् २३ देखि २५ अक्टोवर २०२१ मा कार्यक्रम आयोजना हुने भनि तोकिएता पनि संघको इतिहासमा पहिलो पटक अक्टोवर महिनामा अन्तर्राष्ट्रिय महाधिवेशन तथा वार्षिक साधारण आयोजना हुन सकेन ।यसरी निर्धारित समयमा महाधिवेशन हुन नसक्नुको मुख्य कारण

सन् २०२० जुलाईमा अनलाइनमार्फत् विशेष अन्तर्राष्ट्रिय साधारण सभाको बैठक बसी संघको विधान २००३ संशोधन सहित २०१० संशोधन गरीएको थियो ।

२. विभिन्न वाधा अड्चनका वाबजूद अन्त्यमा प्रमुख संरक्षकले नेतृत्व लिई सम्पूर्ण प्रक्रिया पुऱ्याई सन् २२ देखि २५ मार्च २०२२ मा काठमाण्डौ स्थित होटल याक एण्ड यतिमा संघको १० औ अन्तराष्ट्रिय महाधिवेशन तथा विश्व सम्मेलन आयोजना गरियो । यस महाधिवेशनलाई विथोल्न विभिन्न प्रयासहरु पनि भएका थिए । विभिन्न चुनौती तथा कठिन वातावरणका वीच संघको १० औ अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा आयोजना गरी निर्वाचन समिति मार्फत विधिपूर्वक निर्वाचन गराई श्री विनोद कुवँरको अध्यक्षतामा उपाध्यक्षहरु उमेश कुमार पुडासैनी, थर्क बहादुर सेन, बाबुराम लामा, सुरेन्द्र सिग्देल, उपाध्यक्ष महिला भोमा देवी लिम्बु, महासचिव म निवेदिका जानकी गुरुङ्ग सचिव जुनु गुरुङ्ग, कोषाध्यक्ष डिलाराम खरेल, क्षेत्रीय संयोजक केशव कडेल, कृष्ण पोखरेल, उल्का प्रसाद घिमिरे रहेको १२ सदस्सीय अन्तर्राष्ट्रिय समन्वय समिति निर्वाचित भएको छ । यसका साथै संघको संस्थागत अवस्था बलियो तथा बृद्धि गर्न र भविष्यमा यस्ता विसंगती तथा त्रुटिहरु अन्त्य गर्न १० औं अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित प्रतिनिधिहरुबाट गैरआवासीय नेपाली संघको विधान, २००३ /२०२१ संशोधित सहित को केहि व्यवस्थाहरुलाई संशोधन गर्ने गरी निर्णय पारित गरी उक्त निर्णयलाई अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको मिति २०७८।१२।१२ को बैठकबाट सम्बोधन गरी गैर आवसीय नेपाली संघको विधान, २००३, २०२१ संशोधित सहितको दफा २९ बमोजिम विधानको संशोधित व्यवस्थाहरु धारा २९।२ बमोजिम प्रत्यर्थी मन्त्रालयबाट स्वीकृति तथा प्रमाणिकरणको लागि मिति २०७८।१२।१३ मा दर्ता नं।६३१५ को निवेदन सहित संशोधित विधान, तिन महले तथा १० औ अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित निर्णयको प्रति सहित प्रत्यार्थी मन्त्रालयमा पेश गरीएको थियो ।

३. संघको विधानमा रहेका साविकका १३।४, १३।५, १३।७, १४, १७।२, १७।५, २९ लगायतका केही व्यवस्थाहरु संशोधन गर्नु पर्ने भएकोले संलग्न तीन महलेमा उल्लेख भए बमोजिम संशोधन गरेको र विधानको दफा २९ मा विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयले स्वीकृत तथा प्रमाणित गरे पछि लागु हुने छ भन्ने व्यवस्था रहेकोले संशोधित विधान स्वीकृतीका लागि मिति २०७८।१२।१३ को पत्रबाट संशोधित विधान संशोधनको ३ महले तथा १० औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित निर्णयको प्रति समेत सम्लग्न गरी स्वीकृती तथा प्रमाणिकरणका लागि अनुरोध गरी पठाइएकोमा हालसम्म पनि संघको अनुरोध बमोजिम विधान स्वीकृत तथा प्रमाणिकरण गरीएको छैन। संघको अनुरोध बमोजिम विधान स्वीकृत र प्रमाणिकरण नगरिएकोले सो सम्बन्धमा जानकारी लिन संघको तर्फबाट प्रत्यर्थी

मन्त्रालयमा सम्पर्क गर्न पठाउँदा विधान स्वीकृतीको प्रकृया अगाडी बढाई स्वीकृत गरेको जानकारी दिइने छ भनी प्रत्यर्थी मन्त्रालयका कर्मचारीहरुले पटक पटक जवाफ दिने कार्यले निवेदक संघको विधान स्वीकृत र प्रमाणिकरण नगरी प्रकारान्तरले निवेदकहरुको संघ खोल्ने अधिकारमा नै नियन्त्रण लगाउन खोजिएको हो भन्ने देखिन्छ । यसरी संघ खोल्न, संचालन गर्न र जीवन्तता प्रदान गर्नबाट निवदेकहरुलाई बंचित गर्ने सम्मको अधिकार प्रत्यर्थीहरुलाई कुनै कानूनले प्रदान गरेको छैन । कानूनले प्रत्यक्ष रुपबाट गर्न पाउने गरी अधिकार नदिएको विषयमा परोक्ष रुपबाट प्रयोग गर्न खोजिएको छ ।विधान स्वीकृत र प्रमाणिकरण नगरेको प्रत्यर्थीहरुको कार्य ऐनको प्रस्तावना, दफा १६, नियमावलीको नियम १२, १३, १४ समेतको स्पष्टतः विपरित छ । विधायनको मान्य सिद्धान्त बमोजिम विधायिकाले बनाएको ऐन तथा ऐनले दिएको अख्तियारी अन्तर्गत बनेको नियमका व्यवस्थाहरु अक्षरशः कार्यान्वयन हुनु गरीनु पर्ने निर्विवाद छ। अधिकार र कर्तव्य भएका मन्त्रालय र अधिकारीले अधिकार र कर्तव्यको निर्वाह नगरी ऐन र नियमका व्यवस्थाहरुलाई निश्कृय पारेको कार्य कानूनी राज्यमा सर्वथा वर्जित रहेकोले कानूनको जीवन्तता र क्रियाशिलताका लागि अविलम्व आदेश जारी हुन अपरहार्य छ । उपरोक्त प्रकरणहरुमा वर्णित आधार कारणबाट ऐनको दफा १६ तथा नियमावलीको नियम १२ बमोजिम स्थापना भई संचालनमा रहेको निवेदक संघले नियमावलीको नियम १३ र विधानको दफा २९ बमोजिमको संघको सर्वोच्च अंग अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित विधान स्वीकृत र प्रमाणिकरण गर्ने सम्बन्धमा लामो समय सम्म कुनै कारवाही नगरी झुलाई राखेको कार्यले निवेदकहरुको नेपालको संविधानको धारा १७,(२)(घ), १८ समेतद्वारा प्रदत्त संवैधानिक मौलिक हक तथा ऐनको दफा १६, नियमावलीको नियम १२, १३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ८, ११, १४, १५, २१ समेतद्वारा प्रदत्त कानूनी हक आघातित अपहरित भएकोले नेपालको संविधानको धारा ४६ र १३३ (२) (३) समेत बमोजिम यो निवेदन पत्र प्रस्तुत गरेका छौं । प्रत्यर्थी मन्त्रालयमा दर्ता भई स्वीकृत भएको विधान २००३ बमोजिम संघको दैनिक कार्य सञ्चालनका लागि संघको सर्वोच्च अंग महाधिवेशनबाट संशोधन गरी स्वीकृती र प्रमाणिकरणका लागि प्रेषित गरेको विधानको स्वीकृती तथा प्रमाणिकरण सम्बन्धमा अविलम्व कानून बमोजिमको आवश्यक कारवाही गरी किनारा गर्नु गराउनु भन्ने परमादेशको आदेश लगायत अन्य जो चाहिने उपयुक्त आदेश प्रत्यर्थीको नाममा जारी गरी पाऊँ भन्ने व्यहोराको गैर आवासीय नेपाली संघको तर्फबाट अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत ऐ. का महासचिव जानकी गुरुङ्गले यस अदालतमा पेस गरेको रिट निवेदन।

४. **यस अदालतबाट भएको आदेशः** यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र

कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदन एक प्रति प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०७९।१०।१२ मा भएको आदेश।

५. **परराष्ट्र मन्त्रालय तथा ऐ. को सचिवसमेतको तर्फबाट ऐ. मन्त्रालयको सचिव भरतराज पौड्याको लिखित जवाफः** संघको दशौं महाधिवेशन सम्बन्धी विवादका कारण विवादित दुई पक्षबाट राष्ट्रिय भेला गर्ने जस्ता समानान्तर कार्यहरु भएकोमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार शिवुगल गल्ली सुवर्ण शम्शेर मार्ग अवस्थित गैर आवासीय नेपाली संघसमेतले परराष्ट्र मन्त्रालयसमेतलाई विपक्षी बनाई उच्च अदालत पाटनमा रिट नं. ०७८-WO-०४७९ को रिट निवेदन दर्ता भएको। उपरोक्त निवेदनका सम्बन्धमा सम्मानित अदालतबाट मिति २०७८।०८।१२ मा अन्तरकालीन आदेश र मिति २०७८।०८।१९ मा उक्त अन्तरकालीन आदेशलाई निरन्तरता दिने गरी अन्तरिम आदेश जारी भएको। उच्च अदालत पाटनमा विचाराधीन रहेको उक्त मुद्दा अन्तिम किनारा भएको जानकारी हालसम्म मन्त्रालयमा प्राप्त नभएकोले निवेदकले उठाउनु भएको विषयमा मन्त्रालयबाट कारवाही हुन सक्ने अवस्था नरहेको भन्ने व्यहोराको परराष्ट्र मन्त्रालय तथा ऐ. को सचिवसमेतको तर्फबाट ऐ. मन्त्रालयको सचिव भरतराज पौड्याले यस अदालतमा दिएको लिखितजवाफ

## यस अदालतको आदेश

६. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरियो।

७. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा,श्री नरेन्द्र गौतम अधिवक्ताहरु श्री राजेश काफ्ले,श्री सरोजकृष्ण घिमिरे,श्री रामेश्वर न्यौपाने, श्री नविन भण्डारी र आशिष उप्रेतीले ले विवादित विषयमा निवेदकलाई बुझ्दै नबुझी संघको तर्फबाट प्रत्यर्थी रहनु भएका पदाधिकारीहरुले गर्नु भएका सन् २०२२ मार्च २६ र २७ तदानुसार वि.स. २०७८।१२।१२र १३ को अवैधानिक महाधिवेशन र सो महाधिवेशनले गरेको वेरितको निर्णय आधारमा गठन भएको कार्यसमिति र सो समितिले गरेको विधान संशोधनको निर्णय एवं पत्राचार एवं कार्यहरु तथा मन्त्रालयको मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ को मन्त्रिस्तरीय निर्णय र सो निर्णयानुसार प्रमाणित गरेको संशोधित विधान उत्प्रेषणको आदेशले बदर गरी पाँउ साथै मन्त्रालयको निर्देशन र संघको ८१ औं बैठकको कार्यदिश बमोजिम सन् २०२२ मार्च २२देखि २५ वि.सं. २०७८।१२।८ देखि ११ सम्म काठमाडौको याक एण्ड यति होटलमा सम्पन्न

भएको संघको १० औं महाधिवेशन एवं महाधिवेशनले गरेको निर्णयलाई आधिकारिता एवं मान्यता दिनु दिलाउनु भनी प्रत्यर्थी परराष्ट्र मन्त्रालयको नाउँमा परमादेश जारी गरी पाऊँ भनी बहस गर्नुभयो।

८. प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता डा.श्री भिमार्जुन आचार्य,अधिवक्ता श्री श्री तेजेन्द्र गिरी र विपिन सुवेदी, तथ्य, कानूनी आधार, नजिर सिद्धान्त समेतका आधारमा विपक्षी निवेदकहरुको रिट निवेदन नेपालको संविधान धारा १३३ को उपधारा (२) को परिधिभित्र नरहेको,निवेदनमा उल्लेखि गरिएका तथ्यहरु गलत र भ्रामक रहेका, निवेदकहरुले अनाधिकृत रुपमा लिखित जवाफकर्ता संघको लोगो र लेटरहेड दुरुपयोग गरेको, सम्मानित अदालतलाई तथ्य ढाँटेको संघको ११ औं महाधिवेशन समेत हाल सम्पन्न भई मागदावीको अवस्थामा समेत तात्विक परिवर्तन भई रिट निवेदनको मागदावी नै निस्क्रिय र प्रयोजनहिन भईसकेकोले प्रस्तुत सबै रिट निवेदनहरु सम्पूर्ण रुपमा खारेज गरीपाँउ भनी बहस गर्नुभयो ।

९. प्रत्यर्थी मध्येका शेषघलेको तर्फबाट उपस्थित अधिवक्ता श्री आशिष उप्रेतीले र सह-न्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले गैर आवसीय नेपाली संघ नामक संघ यस मन्त्रालयमा २०७० सालमा दर्ता तथा नविकरण हुँदै आएको संस्था हो। नियमावलीको नियम १२ को उपनियम (३) मा संघ दर्ता भएमा दर्ता प्रमाणपत्र दिंदाका बखत विधानको एक प्रति प्रमाणित गरी निवेदकलाई दिनु पर्ने व्यवस्था रहेको छ।उल्लेखित कानूनी व्यवस्था बमोजिम यस मन्त्रालयमा दर्ता तथा नविकरण हुँदै आएको संघको विधानको दफा २९.२ मा विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयको स्वीकृति तथा प्रमाणित गरेपछि लागू हुनेछ भन्ने व्यवस्था रहे अनुसार मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेको अवस्था रहेकाले यस मन्त्रालयलाई यस विषयमा विपक्षी बनाई रिट निवेदन दिनुका कुनै औचित्य नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने बहस गर्नुभयो।

१०. उपयुक्त रिट निवेदन सहितको लिखितजवाफ हेरी, दुबैपक्ष तर्फका विद्वान् कानून व्यवसायीहरु तथा विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर सुनी साथै लिखित बहस नोट समेत अध्ययन गरी मिसिल प्रमाण सहितका सम्पूर्ण कागजातहरको अध्धयन गरी रिट निवेदनको माग दावी बमोजिम रिट जारी हुनुपर्ने हो होइन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गर्दा, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ तथा ऐ. नियमावली, २०६६ को नियम १२ बमोजिम स्थापना भई संचालनमा रहेको यस गैर आवासीय नेपाली संघले नियमावलीको नियम १३ र गैर आवासीय नेपाली संघको विधान, २००३ को दफा २९ बमोजिमको संघको सर्वोच्च अंग अन्तर्राष्ट्रिय महाधिवेशनबाट

संघको विधान संशोधन गरी स्वीकृति र प्रमाणिकरणका लागि मिति २०७८।१२।१३ मा परराष्ट्र मन्त्रालयमा प्रेषित गरिएकोमा लामो समयसम्म कुनै कारवाही नगरी झुलाई राखेकोले उक्त प्रेषित विधान अविलम्वन कानूनबमोजिम आवश्यक कारवाही गरी किनारा गर्नू गराउनू भनी परमादेशको आदेश जी गरिपाऊँ भन्ने बेहोराको निवेदन रहेको देखिन्छ। संघको दशौं महाधिवेशन सम्बन्धी विवादका कारण विवादित दुई पक्षबाट राष्ट्रिसय भेला गर्ने जस्ता समानान्तर कार्यहरु भएकोमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार शिवुगल गल्ली सुवर्ण शम्शेर मार्ग अवस्थित गैर आवासीय नेपाली संघसमेतले परराष्ट्र मन्त्रालयसमेतलाई विपक्षी बनाई उच्च अदालत पाटनमा रिट नं. ०७८-WO-०४७९ को रिट निवेदन दर्ता भएकोमा उच्च अदालत पाटनमा विचाराधीन रहेको उक्त मुद्दा अन्तिम किनारा भएको जानकारी हालसम्म मन्त्रालयमा प्राप्त नभएकोले निवेदकले उठाउनु भएको विषयमा मन्त्रालयबाट कारवाही हुन सक्ने अवस्था नरहेको भन्ने व्यहोराको परराष्ट्र मन्त्रालय तथा ऐ. को सचिवसमेतको तर्फबाट ऐ. मन्त्रालयको सचिव भरतराज पौड्याले यस अदालतमा दिएको लिखितजवाफ देखिन्छ।

१२. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ ले गैर आवासीय नेपालीहरुले पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने अवस्था रहेकोमा द्विविधा रहेको देखिँदैन । खासगरी गैर आवासीय नेपालीहरुलाई त्यस्तो संघ खोल्न दिनुको उद्देश्य संसारभरी छरिएर रहेका नेपालीहरुलाई एउटै छाताभित्र एकबद्ध गरी नेपालको राष्ट्रियता र स्वाभिमानलाई बलियो बनाई नेपालको सामाजिक र सांस्कृतिक एकतासमेतलाई बलियो बनाउनु रहेको देखिन्छ। साथसाथै गैर आवासीय नेपालीहरुको माध्यमबाट विश्वमा भइरहेको विकास र नवप्रवर्तनहरुलाई नेपाल भित्र्याई नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई बलियो बनाउनु पनि यसको उद्देश्य रहेको देखिन्छ । एकापसमा भएको सीप, दक्षता, प्रविधिको हस्तान्तरण गर्ने, विदेशबाट नेपालमा लगानी भित्र्याई देशको आर्थिक समृद्धिलाई उकास्ने जस्ता कार्यमा गैर आवासीय नेपालीहरुको महत्वपूर्ण भूमिका रहन सक्ने हुँदा पारस्परिक सहयोग र सद्भावको माध्यमबाट राज्यको उन्नती गर्ने कार्यलाई संस्थागत गर्ने उद्देश्यले नेपालमा गैर आवासीय नेपालीहरुको संघ खोल्ने कानूनी व्यवस्था गरिएको देखिन्छ।

१३. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १२ ले गैर आवासीय नेपालीहरुको संघ दर्ता गर्ने, नवीकरण गरी सोको प्रमाणपत्र दिने तथा लेखापरीक्षण गर्ने लगाएतका सम्पूर्ण अधिकार परराष्ट्र मन्त्रालयलाई दिएको देखिन्छ।सो सम्बन्धमा निवेदन मनासिव देखेमा दर्ता गरी निवेदकलाई प्रमाणपत्र दिनु र दर्ता गर्न नमिल्ने भए आधार र कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्नेमा परराष्ट्र मन्त्रालयले लामो समयसम्म कुनै निर्णय नगरी राखेको कार्य कानूनतः उचित भन्न

सकिने अवस्था नभएतापनि यसै विषयमा यिनै निवेदकले दायर गरेको रिट नं. ०७९-wo-१५०७ को उत्प्रेषणयुक्त परमादेशसमेत रिट निवेदनमा गैर आवासीय नेपाली संघलाई एउटै साझा सस्थाको रुपमा विकास गर्न एकतापूर्ण महाधिवेशन गर्ने सम्बन्धमा छुट्टै र विस्तृत आदेश भई निवेदकले उठाएको प्रश्नको सोही आदेशबाट सम्बोधन भएको हुँदा यस रिट निवेदनमा केही बोलिरहनु परेन प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

१४. रिट निवेदनको लगत कट्टा गरी प्रस्तुत आदेशको विद्युतीय प्रति अदालतको मुद्दा ब्यवस्थापन सफ्टवेयरमा अपलोड गरी निवेदनपत्रसहितको मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू ।

सपना प्रधान मल्ल
**न्यायाधीश**

उक्त रायमा म सहमत छु। नहकुल सुवेदी
**न्यायाधीश**

इजलास अधिकृत (उपसचिव) अमृता कुमारी शर्मा
कम्प्युटर अपरेटरः- चन्द्राबती तिमल्सेना
ईति सम्वत् २०८० चैत्र २१ गते रोज ४ शुभम् --------------------------------।